सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५

को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.व २०८१/८२

२०८२ साल बैशाख महिना देखि २०८२ असार मसान्तसम्म

कार्यालयबाट सम्पादित मुख्य क्रियाकलापहरुको विवरण

# कृषि ज्ञान केन्द्र, भोजपुर


फोन नं. ०२९ ४२०१३०

इमेलः akcbhojpur130@gmail.com

वेबसाइटः www.bhojpur.akc.gov.np


प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय


# कृषि ज्ञान केन्द्र, भोजपुर

कोशी प्रदेश, नेपाल



**श्री मुकेश कुमार यादव**

**प्रमुख**



**श्री घनश्याम बराल**

**सूचना अधिकारी**

**सम्पर्क नं.: ९८५२०६५१३०**

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भोजपुर
कोशी प्रदेश, नेपाल

# १. परिचयः

## १.१ कृषि ज्ञान केन्द्र, भोजपुरको परिचयः

नेपालमा कृषि विकासको संस्थागत प्रयास वि.सं. १९७८ मा सरकारी स्तरमा कृषि अड्डाको स्थापना पश्चात भएको मानिन्छ। देशको विभिन्न कालखण्डमा राजनैतिक तथा प्रशासनिक संरचना परिवर्तन संगसंगै कृषि अन्तर्गतका मन्त्रालय, विभाग तथा निर्देशनालयहरु कहिले गाभिँदै कहिले पुनःसंरचना भई तेस्रो पञ्चबर्षिय योजना कालको वि.सं. २०२५ मा जिल्ला कृषि विकास कार्यालय, भोजपुरको स्थापना भएको थियो। बर्तमान अवस्थामा देश संघीय स्वरुपमा गए संगै संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भई कृयाशिल रहेको अवस्था छ।

सोहि बमोजिमको संवैधानिक व्यवस्था अनुसार तिनै तहको प्रशासनिक पुनःसंरचना भई संघ प्रदेश र स्थानीय तहमा रहने संगठन संरचना र जनशक्तिको दरबन्दी समेत नेपाल सरकारले स्वीकृत गरिसकेको परिप्रेक्षमा नेपालको संविधानको धारा ३०२ (१) मा प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको परिप्रेक्ष्य तथा कर्मचारी समायोजन ऐन, २०७४ दफा ४ (१,२) मा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने व्यवस्था अनुरुप समिति गठन भई संविधानका अनुसूची ५,६,७,८ तथा ९ मा उल्लेख अधिकार सूचीको कार्यजिम्मेवारी विस्तृतीकरण गरि प्रदेश साविक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत नेपाल सरकार (मन्त्रीपरिषद) बाट कृषि ज्ञान केन्द्रको संगठन संरचना मिति २०७५/३/२६ मा स्वीकृत भएको हो।

कोशी प्रदेशको साविक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरि स्थापित कृषि ज्ञान केन्द्रको कार्यविवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम, आवश्यकता, औचित्यतताका आधारमा कृषि ज्ञान केन्द्रको कार्यविवरण देहाय बमोजिम हुन वाञ्छनिय देखिएको छ।

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम संचालनका लगि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यन्वयन इकाईको रुपमा काम गर्ने।
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परीक्षण तथा भ्यालिडेशन परीक्षण सञ्चालन गर्ने।
- स्थानीय तहसँग समन्वय गरि कृषि सम्बन्धी तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्ने।
- विभिन्न वालीहरूको अवस्था नियमित अनुगमन गरि मासिक रुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप, मौसम प्रतिकुलता आदिवाट देखापर्ने समस्याको क्षतिको विवरण संकलन तथा सम्प्रेषण गर्ने।
- माटो तथा मल, वाली संरक्षण र बीउ विजन परीक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा संचालन गर्ने।
- व्यावसायिक कृषक र व्यवसायीहरूको लागि कृषिसँग सम्बन्धित तालिम सञ्चालन गर्ने।
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने।
- स्थानीय किसान, कृषि उद्यमी तथा कृषि प्रविधिकका लागि नवीनतम कृषि प्रविधिका श्रव्यदृश्य लगायतका प्रचार प्रसार र जानकारीमूलक सामाग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने।
- स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग गर्ने।
- वीउ वजन तथा उन्नत नश्लको लागि स्रोत केन्द्र विकासमा सहयोग गर्ने।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यान्वयन, समन्वय तथा सहजीकरण गर्ने।
- कृषि स्नातक तथा जे.टी./जे.टी.ए. कोर्ष अध्ययनरत विद्यार्थीहरूका लागि इन्टर्नसिप कार्यक्रम संचालनमा सहयोग गर्ने।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने।

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भोजपुर
कोशी प्रदेश, नेपाल

- वाली बिमा तथा सहुलियत ब्याज दरको कृषि कर्जा कार्यक्रम कार्यान्वयन समन्वय तथा सहजीकरण गर्ने।
- महामारी र प्राकृतिक प्रकोपका कारण भएको कृषिधनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति, राहत र पुनर्स्थापना कार्यहरू गर्ने / गराउने।
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बिच समन्वयको काम गर्ने।
- कृषि क्षेत्रसँग सम्बन्धित ऐन, कानून, नीति तथा नियमले श्रृजना गरेका कानुनी दायित्वहरू निर्वाह गर्ने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने।

## २. कार्यालयको उद्धेश्य

### २.१ अल्पकालिन उदेश्य

- स्थानिय समस्यामा आधारित स-साना अध्यन परिक्षण तथा भ्यालिडेशन (प्रमाणिकरण) परिक्षण संचालन गर्ने।
- नविनतम कृषि प्रविधिहरु किसान समक्ष प्रसार भ्यालिडेशन परीक्षण सन्चालन गर्ने ।
- माटो तथा मल, बाली संरक्षण र बीउ बिजन परिक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा संचालन गर्ने।
- स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्वद्दन र प्रवद्दन गर्ने ।
- स्थानिय तहको क्षमताले सम्पादन गर्न नसक्ने प्रकृतीका विषेशज्ञ प्राविधिक सेवा प्रदान गर्ने।
- प्रादेशिक तथा संघिय कृषि विकासका कार्यक्रमहरुलाई आम किसान समक्ष पुर्याउने ।
- व्यवसाय विकास सेवा उपलव्ध गराउने ।

### २.२ दिर्घकालिन उदेश्य

- खाद्य वस्तुको आन्तरिक माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्व बढाउने ।
- निर्वाहमूखी र परम्परागत कृषि पद्धतिलाई परिवर्तन गरी व्यवसायिक, प्रतिस्पर्धात्मक र आधुनिकिकरण तर्फ उन्मूख गराउने ।
- भौगोलिक क्षेत्र अनुसार तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा एकीकृत कृषि विकासका कार्यक्रमहरु संचालन गरी ग्रामिण गरिबी निवारण मार्फत किसानहरुको जिवनस्तरमा सुधार ल्याउने ।
- राष्ट्रिय कृषि निति-२०६१, कृषि विकास रणनिति (२०१५-२०३५), पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) र प्रदेश-१ को प्रथम आवधिक योजना (२०७६/७७- २०८०/८१) को आधार पत्रमा उल्लेख गरिएका कृषि विकासका लक्ष्य हासिल गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## ३. कार्यालयमा रहेका शाखाहरुको विवरण

यस कार्यालयमा जम्मा १४ जना कर्मचारीको दरवन्दी रहेको छ। तोकिएको शाखा अनुसार कर्मचारीको कार्य विवरण निम्न अनुसार रहेको छ।

| क्र.स | शाखा | पद | तह | कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | तालिम तथा प्रसार शाखा | कृषि प्रसार अधिकृत | ७/८ | तालिम संचालन तथा सहजिकरण | |
| | | प्रा. स./अधिकृत (कृषि प्रसार) | ५/६ | | |
| २ | प्रशासन शाखा | लेखापाल/अधिकृत | ५/६ | कार्यालयको आर्थिक प्रशासनका कामकाजहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खरिदार/प्रशासन सहायक | ४/५ | कार्यालयका सम्पुर्ण प्रशासकिय तथा जिन्सी सम्बन्धी कामकाजहरु | |
| | | हलुका सवारी चालक | श्रे.बि. | | |
| | | कार्यालय सहयोगी | श्रे.बि. | | |
| ३ | विशेषज्ञ सेवा शाखा | वागवानी विकास अधिकृत | ७/८ | फिल्डअनुगमन, प्रतिवेदन तयार, लाभग्राही छनौट तथा प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान | |
| | | बाली संरक्षण अधिकृत | ७/८ | | |
| | | प्रा. स./अधिकृत (वागवानी) | ५/६ | | |
| ४ | अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा | कृषि अर्थ विज्ञ | ७/८ | कार्यालयको प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा पेश गर्ने, कार्यालयमा भई परि आउने कृषि सम्बन्धि कृषकहरुका समस्या समाधान। | |
| | | प्रबिधिक सहायक/अधिकृत (बाली संरक्षण) | ५/६ | | |

**क) तालिम तथा प्रसार शाखा :**

- कृषि सम्बन्धि संचालन हुने विभिन्न कृषक उपयोगी तालिम संचालन तथा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरीबाट आयोजना हुने विभिन्न तालिमका लागि जिल्लाबाट कृषक छनौट गरि सिफारिस गर्ने।
- कृषकका माग अनुसारका विभिन्न तालिमहरुका लागि सहजिकरण कार्य यस शाखाले गर्ने गरेको छ । यसका लागि सम्बन्धित कृषकले रु १० को हुलाक टिकट टाँस गरि कार्यालयमा निवेदन पेस गर्नु पर्नेछ।

**ख) प्रशासन शाखाः**

- कार्यालयको दैनिक प्रशासनिक, जिन्सी सम्बन्धी कार्यहरु तथा आर्थिक प्रशसान सम्बन्धी कार्यहरु यस शाखाबाट हुने गर्दछ।

**ग) विशेषज्ञ सेवा शाखा :**

- यस शाखाबाट मुख्य गरि संघिय तथा प्रदेश सरकारबाट स्विकृत कृषि विकास कार्यक्रमहरुको संचालन/सहजिकरण हुने गर्दछ।
- कार्यालयको स्वीकृत कृषि विकास कार्यक्रम बमोजिम कृषक/कृषक समूह/सहकारी/स्थानीय तहहरु संग समन्वय गरी माग, आवश्यकता र औचित्यताका आधारमा फिल्ड अनुगमन, प्रतिवेदन तयार, कार्यक्रम संचालन लगायतका कार्य गर्नेछ।
- प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान गर्ने।
- यस शाखामा वागवानी विकास अधिकृत, बाली संरक्षण अधिकृत र प्रबिधिक सहायक/अधिकृत गरि जम्मा ३ जना प्राबिधिक कर्मचारीहरु को दरबन्दी रहेको छ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र भोजपुर कोशी प्रदेश, नेपाल

घ) अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा :

- यस शाखाको मुख्य जिम्मेवारी कार्यालयको प्रगति विवरण तयार गर्ने, जिल्लाको कृषि सम्बन्धी तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने र सम्बन्धित निकायमा पठाउने हो।
- कृषि विकास कार्यक्रमहरुको संचालन गर्न सहयोग, सहजिकरण गर्ने तथा संचालन गर्ने कार्य समेत गर्दछ।

४. कार्यालयको शाखागत जिम्मेवारी तथा कर्मचारी विवरण

| क.स | शाखा | पद | तह | कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | तालिम तथा प्रसार शाखा | कृषि प्रसार अधिकृत | ७/८ | | |
| | | प्रा. स./अधिकृत (कृषि प्रसार) | ५/६ | सोनिया पुन | |
| २ | प्रशासन शाखा | लेखापाल/अधिकृत | ५/६ | केसप सोराली | |
| | | खरिदार/प्रशासन सहायक | ४/५ | दिवस खड्का | |
| | | हलुका सवारी चालक | श्रे.बि. | सुजन घिमिरे | |
| | | कार्यालय सहयोगी | श्रे.बि. | तिर्थ बहादुर तामाङ्ग | |
| | | | श्रे.बि. | राज कुमार श्रेष्ठ | |
| ३ | विशेषज्ञ सेवा शाखा | वागवानी विकास अधिकृत | ७/८ | | |
| | | बाली संरक्षण अधिकृत | ७/८ | नव राज भुसाल | |
| | | प्रा. स./अधिकृत (वागवानी) | ५/६ | | |
| ४ | अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा | कृषि अर्थ विज्ञ | ७/८ | | |
| | | प्रबिधिक सहायक/अधिकृत (बाली संरक्षण) | ५/६ | घनश्याम बराल | |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भोजपुर
कोशी प्रदेश, नेपाल

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क्र. सं. | सेवाको प्रकार | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजातहरू | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त गर्न लाग्ने शुल्क/दस्तुर (रु.) | जिम्मेवार शाखा/कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान | बाली नमुना, निवेदन/मौखिक/टेलिफोन | समस्याको प्रकृति अनुसार | निःशुल्क | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख |
| २ | कृषि शैक्षिक कार्यक्रम (प्रविधि प्रदर्शन, तालिम, गोष्ठी, शिविर आदि) | कार्यालयको लक्ष्य अनुसार | लक्ष्यमा तोकिएको समय अनुसार | निःशुल्क | तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख |
| ३ | प्रदेशस्तर तालिम तथा गोष्ठीमा कृषक सहभागी गराउने | प्रदेशस्तर निर्देशन तथा तोकिएका आधारहरू | लक्ष्यमा तोकिएको समय अनुसार | निःशुल्क | तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख |
| ४ | आई.पि.एम. कृषक पाठशाला सञ्चालन | कार्यालयको लक्ष्य अनुसार | लक्ष्यमा तोकिएको समय अनुसार | निःशुल्क | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख |
| ५ | प्लान्ट क्लिनिक | कार्यालयको लक्ष्य अनुसार र | लक्ष्यमा तोकिएको समय अनुसार | निःशुल्क | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख |
| ६ | माटो परीक्षण शिविर | कार्यालयको लक्ष्य अनुसार | लक्ष्यमा तोकिएको समय अनुसार | निःशुल्क | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख |
| ७ | बाली संरक्षण सेवा | कृषकको समस्या अनुसार माग निवेदन | निवेदन दिएको ७ दिन भित्र | निःशुल्क | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख |
| ८ | कृषि औजार/ उपकरण अनुदानमा वितरण | कृषकहरूको माग निवेदन अनुसार | लक्ष्यमा तोकिएको समय अनुसार | परल मुल्यको ५० देखि ७५% अनुदान | तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख |
| ९ | विषादी/विउ बीजन विक्रेता इजाजतपत्र/ नविकरण/ सिफारिस | सम्बन्धित परीक्षा उतीर्ण गरेको प्रमाण, तोकिएको ढाँचा बमोजिमको निवेदन, राजश्व तिरेको भौचर, नेपाली नागरिकताको प्रतिलिपि, पसल दर्ता सम्बन्धी कागजातहरु, पसल/गोदामको निरीक्षण प्रतिवेदन | ३-७ दिन (पसल/गोदाम निरीक्षणका लागि कार्यालयबाट पसलसम्मको दुरी अनुसार) | रु. ५००/- | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भोजपुर
कोशी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | नियम अनुसार अनुसार | लक्ष्यमा तोकिएको समय अनुसार | नियमावलीले तोके बमोजिम | विशेषज्ञ सेवा शाखा,तालिम तथा प्रसार शाखा, अध्ययन, परीक्षण तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख |
| ११ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना ब्लक कार्यक्रम | कार्यालयको लक्ष्य अनुसार | लक्ष्यमा तोकिएको समय अनुसार | म्यानुअलले तोके बमोजिम | विशेषज्ञ सेवा शाखा,तालिम तथा प्रसार शाखा, अध्ययन, परीक्षण तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख |

## ६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारीः

प्राप्त निवेदन उपर आवश्यक छानविन गरि कार्यालय प्रमुखबाट निर्णय हुनेछ ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित पक्षले जिल्ला अदालतमा पुनरावेदन गर्ने र जिल्ला अदालतबाट सो निर्णय उपरको उजुरी सुन्ने कानुनी व्यवस्था रहेको छ।

## ८. सम्पादन गरेको कामको विवरण २०८१ माघ देखि २०८१ चैत्र मसान्त सम्म

| क्र.स | प्रदान गरेको सेवा | कामको विवरण | कैफियत |
|---|---|---|---|
| १ | नविकरण तथा दर्ता | खुद्रा विषादी विक्रेता ईजाजत पत्रको नविकरणको सिफारिस- ७ वटा | |
| २ | सूचना प्रकाशन | कार्यक्रम नरहेको | |
| ३ | कृषक पाठशाला | १ वटा | स्वीकृत कार्यक्रम अनुसार संचालन भएको। |
| ४ | वाली उपचार शिविर | २ वटा | |
| ५ | प्रविधि प्रदर्शन कार्यक्रम | ३ वटा | |
| ६ | बाली विशेष समस्या व्यवस्थापन कार्यक्रम | १ वटा | |
| ७ | कृषक तालिम | ३ वटा | |
| ८ | स्थानीय तहका कृषि प्राविधिकहरुसंग समन्वय बैठक | १ पटक | |
| ९ | कार्यालयमा प्राप्त कृषकका बाली विशेष समस्याहरुको निदान | १६३ वटा | |
| १० | कृषकको फिल्ड अनुगमन | २१ पटक | |

## ९. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण

आर्थिक कारोवार

| बजेट शिर्षक | यस आ.व को वार्षिक विनियोजत बजेट | यस त्रैमासिकको आम्दामी | हालसम्मको खर्च |
|---|---|---|---|
| चालु | १५३३५०००/- | ० | १४५५३१००।- |
| पुँजिगत | २००००००/- | ० | १९८७७००।- |

## ११. कार्यालयको वेभसाईट

यस कार्यालयको वेभसाईट **www.bhojpur.akc.gov.np** रहेको छ।

## १२. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिईएको विषय

विभिन्न संचारकर्मीहरु तथा सरोकार वालाहरु लाई गोप्य राख्नुपर्ने वाहेकका सूचना प्रदान गरीएको।

**<u>पुनश्चः</u> यस कार्यालयबाट प्रदान गरिने सेवा सम्बन्धी कुनै सल्लाह सुझाव र गुनासाहरु भए यस कार्यालयका सूचना अधिकारी सहायक बाली संरक्षण अधिकृत श्री घनश्याम बराल (मोबाइल नं. ९८५२०६५१३०) मा सम्पर्क गर्न सक्नुहुनेछ। यस कार्यालयबाट प्रदान गर्ने सेवाका लागि फोन नं. ०२९४२०१३० मा समेत सम्पर्क गर्न सक्नुहुनेछ । हाम्रो सेवा सम्बन्धी कुनै सुझाव, गुनासो भए हामीलाई पत्रचार गर्न, उजुरी पेटिकामा उजुरी दिन वा हाम्रो ईमेल ठेगाना <u>akcbhojpur130@gmail.com</u> मा ईमेल समेत गरेर सुझाव, गुनासो टिपाउन सक्नुहुनेछ ।**